http://www.ird.gov.np

# कर बुलेटिन
Tax Bulletin

आन्तरिक राजस्व विभागको त्रैमासिक प्रकाशन

वर्ष ७, अङ्क ९, २०७७ बैशाख–आषाढ Year 7, Issue 9, Apr-July. 2020

## राजस्व संकलनमा ७ प्रतिशतको वृद्धिदर

आर्थिक वर्ष २०७६।०७७ मा विभागलाई रु. ५०६ अर्व १८ करोडको लक्ष्य प्राप्त भएकोमा उक्त लक्ष्य मध्ये रु. ३८४ अर्व ४० करोड संकलन भई लक्ष्यको तुलनामा ७५.९४ प्रतिशत प्रगति भएको छ जुन गत आर्थिक वर्षको यसै अवधिको संकलनको तुलनामा रु २५ अर्व ९९ करोड अर्थात ७ प्रतिशतले बढी हो । शीर्षकगत रुपमा हेर्दा आयकरतर्फ रु २८० अर्व ३५ करोड लक्ष्य रहेकोमा रु २१७ अर्व ३५ करोड संकलन भई लक्ष्यको तुलनामा ७७.५३ प्रतिशत प्रगति भएको छ । मूल्य अभिवृद्धि करतर्फ रु. ११८ अर्व ३८ करोडको लक्ष्यमा

बाँकी पृष्ठ ४ मा

# विद्युतीय माध्यमबाट विविध विषयमा तालिम संचालन



कोभिड १९ को संक्रमण रोकथामका लागि सरकारले मिति २०७६।१२।११ देखि मुलुकभर लकडाउनको घोषणा गरेसंगै विभाग र अन्तर्गतका कार्यालयबाट सम्पादन गरिने दैनिक काम कारवाहीमा समेत प्रत्यक्ष रुपमा प्रभाव पारेको अवस्थामा विभागले मुलुकभरका प्रमुख कर अधिकृत तथा कर अधिकृतहरुलाई समवेश गराई कर तथा लेखासंग सम्बन्धित विभिन्न विषयमा विद्युतीय माध्यमबाट तालिम सम्पन्न गरेको छ । मिति २०७७।०१।१५ देखि ३१ गते सम्म संचालित उक्त तालिम कार्यक्रममा कर परीक्षणका आधारभूत विषयवस्तु, करदाता सेवा, अन्तःशुल्क प्रशासन, सूचना प्रविधि प्रणाली सम्बन्धी विषयहरु र कर परीक्षणका सिलसिलामा देखिएका स्थायी संस्थापन (Permanent Establishment) र नियन्त्रणमा परिवर्तन (Change in Control) जस्ता कर परीक्षण सम्बन्धी मुद्दाहरु समेत समावेश

बाँकी पृष्ठ ३ मा....

यसभित्र

महानिर्देशकको नेतृत्वमा कार्यालयको अनुगमन — पृष्ठ ४
ई-कमर्श सम्बन्धी तालिम सम्पन्न — पृष्ठ ५
आर्थिक ऐन, २०७७ को व्यवस्था तथा कर कानूनमा भएको संशोधन सम्बन्धी जानकारी — पृष्ठ ७

# महानिर्देशकको सन्देश



**यस आर्थिक वर्षको समाप्ति संगै चालू बर्षको नीति कार्यक्रम तथा बजेटले निर्दिष्ट गरेका नीतिगत परिवर्तनको कार्यान्वयनका लागि जुट्नु पर्ने भएको छ । जसका लागि हामीले उल्लिखित परिवर्तनका विषयहरूलाई कार्यरूप दिनका लागि आउने बर्षमा सम्पादन गर्नुपर्ने कार्यहरूको कार्ययोजना तयार गर्नु पर्ने हुंदा विभागलाई तोकिएको चालू वर्षको राजस्व संकलनको लक्ष्य प्राप्ति, आम करदाताहरूलाई प्रवाह गर्नुपर्ने सेवाको गुणस्तरियता अभिवृद्धि र करदाताको कर परिपालना लागत समेत कटौति हुने गरी विद्यमान कार्यपद्धति र प्रणालीमा गर्नु पर्ने सुधारका विषयहरू समावेश गरी आ-आफ्नो कार्ययोजना तयार गरी कार्यान्वयनमा लैजान म विभागका शाखा महाशाखा र मातहत कार्यालयहरूलाई अनुरोध गर्दछु ।**

आर्थिक वर्ष ०७६/०७७ को अन्तिम चौमासमा मुलुकको समग्र अर्थतन्त्र कोभिड १९ का कारण बन्दावन्दीको अवस्थामा व्यतित भएको छ। यस्तो विषम परिस्थितिमा समेत हामीले रु. ३८४ अर्ब ४० करोड राजस्व संकलन गरी ७५.९४ प्रतिशत प्रगति हासिल गर्न सफल भएका छौं जुन गत आ.व.को यसै अवधिको तुलनामा ७ प्रतिशतले बढी हो । यस विषम परिस्थितिमा पनि करदाताहरुले कर विवरण बुझाउँने तथा कर दाखिला गर्ने कार्यमा उत्साहजनक सहभागिता देखाई देशको राजस्व परिचालनमा पुर्याउनु भएको योगदानको उच्च कदर गर्दै म आम कारदाताहरुलाई विशेष धन्यवाद दिन चाहान्छु । राजस्व संकलनको सन्तोषजनक प्रगति हासिल संगै राजस्व नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनको सिलसिलामा समेत महत्वपूर्ण उपलब्धिहरु हासिल गरेको छौं। कर दायरा विस्तार गर्नका लागि संगठन तथा व्यवस्थापन सर्वेक्षण भई स्वीकृत भएको नयां संरचना अनुसार कार्यालय स्थापना गर्ने कार्यलाई तिब्रता दिईएको छ। सोही अनुरुप ३ वटा आन्तरिक राजस्व कार्यालय र ६ वटा करदाता सेवा कार्यालयहरु २०७७ श्रावण १ गतेदेखि संचालन गर्नेगरी पूर्ण रुपमा तयारी गरिएको छ। नीतिगत सुदृढिकरण तर्फ आयकर, मूल्य अभिवृद्धि कर र घर जग्गा निस्सर्गमा पूजीगत लाभकर निर्देशिकाहरु परिमार्जन गरी कार्यान्वनमा ल्याइएको छ। प्रणालीगत सुधारतर्फ डे ०१ विवरण पेश गर्ने करदाताको कर बक्यौता नभएमा करदाताको आन्तरिक राजस्व विभागको प्रणालीबाट स्वत: कर चुक्ता प्रमाण पत्र जारी गर्न कम्प्युटर प्रणालीमा सुधार गरी २०७६ असोज २५ देखि कार्यान्वयनमा ल्याइएको छ । यसरी नै मू.अ.करमा दर्ता रहेका करदाताहरुको अभिलेख बायोमेट्रिक प्रणालीमा अद्यावधिक गर्ने कार्य आ.रा.का. टंगाल र आ.रा.का.न्यूरोडमा मिति २०७६/१०/२८ देखि कार्यान्वयनमा आएको छ र मिति २०७७/०४/०१ देखि उपत्यका स्थित सबै कार्यालयमा शुरुवात गर्ने गरी र उपत्यका बाहिरका कार्यालयमा २०७७ श्रावण महिनाभित्र लागू गर्ने गरी तयारी पूरा गरिएको छ। साना करदाताहरुलाई मध्यनजर गरी डे ०१ विवरण बुझाउने करदाताले कर रकम बैक दाखिला गरेमा सोही समयमा विवरण समेत दाखिला गर्न सकिने विधुतीय प्रणालीको २०७७ श्रावण १ गतेदेखि शुरुवात गर्नका लागि पूर्ण रुपमा तयारी गरिएको छ । त्यसैगरी कायम भएको वेरुजू मध्ये १३ अर्ब २६ करोड सम्परीक्षण भई ३७.६६ प्रतिशत प्रगति हासिल भएको छ । वक्यौता तर्फ आयकर तथा मू.अ.कर वक्यौता असुली र समायोजन गरी यस आ.ब.मा ८४ अर्ब ५० करोड वक्यौता घटाईएको छ। प्रशासकीय पुनरावलोकनका लागि विभागमा निवेदन परेका करदाताहरु मध्ये ८६१ वटा निवेदन फछ्यौट गरिएको छ।

यस आर्थिक वर्षको समाप्ति संगै चालू बर्षको नीति कार्यक्रम तथा बजेटले निर्दिष्ट गरेका नीतिगत परिवर्तनको कार्यान्वयनका लागि जुट्नु पर्ने भएको छ । जसका लागि हामीले उल्लिखित परिवर्तनका विषयहरुलाई कार्यरुप दिनका लागि आउने बर्षमा सम्पादन गर्नुपर्ने कार्यहरुको कार्ययोजना तयार गर्नु पर्ने हुंदा विभागलाई तोकिएको चालू वर्षको राजस्व संकलनको लक्ष्य प्राप्ति, आम करदाताहरुलाई प्रवाह गर्नुपर्ने सेवाको गुणस्तरियता अभिवृद्धि र करदाताको कर परिपालना लागत समेत कटौति हुने गरी विद्यमान कार्यपद्धति र प्रणालीमा गर्नु पर्ने सुधारका विषयहरु समावेश गरी आ-आफ्नो कार्ययोजना तयार गरी कार्यान्वयनमा लैजान म विभागका शाखा महाशाखा र मातहत कार्यालयहरुलाई अनुरोध गर्दछु।

कोभिड १९ का कारण करदाताहरुको व्यवसायमा पारेको असरलाई केही हद सम्म भए पनि सम्बोधन गर्ने अभिप्रायले सरकारले करको दर लगायतका केही छुट सुविधाहरुको व्यवस्था गरेको छ। उक्त नीतिगत व्यवस्थाको मापदण्ड भित्र पर्ने करदाताहरुलाई निर्धारित समयमा नै दिइएका छुट सुविधाहरुको उपयोग गरी लाभ लिन आव्हान गर्दछु। साथै यस विषम परिस्थितिका कारण समग्र आर्थिक गतिविधिमा पर्न गएको नकारात्मक प्रभावलाई मध्यनजर गरी करदाताहरुको मनोवललाई उच्च राख्दै विभागीय गतितिधिहरु अगाडि वढ्ने विषयमा म आम कारदाताहरुलाई निश्चन्त रहन आग्रह समेत गर्दछु।

विश्वभर उत्पन्न भएको विषम परिस्थितिका कारण व्यवसायिक क्षेत्रमा पनि अस्वस्थ प्रतिस्पर्धा र गलत अभ्यासले प्रश्रय पाई कर परिपालनामाको स्तरमा समेत नकारात्मक असर पर्ने हुंदा आम कारदाताहरुले यस्ता गतिविधिलाई निरुत्साहन गर्दै कानूनको परिपालनामा जोड दिनु पर्ने तथा कर प्रशासनमा संलग्न जनशक्तिहरु आफ्नो कार्यक्षेत्र भित्रका यस्ता गतिविधिहरुमा सचेत रही उचित नियमन र निगरानी गर्ने कार्यमा चनाखो रहन आग्रह गर्दछु। साथै मुलुकले व्हहोरेको हालको आर्थिक संकटलाई समाधान गर्नका लागि आगामी दिनमा हरेक वर्ग र क्षेत्रको सहयोग र सहकार्य आवश्यक पर्ने भएकोले हरेक इमान्दार नागिरकले आ-आफ्नो क्षेत्रबाट उचित सहयोग र योगदान गर्नका लागि आव्हान गर्दछु।

अन्त्यमा, सरकारले बन्दाबन्दीलाई केही खुकुलो वनाएसगैआर्थिक गतिविधिहरुले गति लिन थालेका छन् । कार्यालयहरु पनि सुचारु भई नियमित काम कार्वाहीहरु अगाडि वढेका छन् । कोभिड १९ को प्रकोप पूर्ण रुपमा समाप्त नभईसकेको यस परिस्थितिमा सम्पूर्ण राजस्व प्रशासनमा कार्यरत कर्मचारीहरु र आम करदाताहरुले कार्यालयमा सामाजिक दुरी कायम गरी सेवा प्रवाह लगायतका काम कारवाही अगाडि वढांउन र संयमित भएर महामारीवाट सुरक्षित रहन समेत आग्रह गर्दछु।

**बिनोद बहादुर कुँवर**
**महानिर्देशक**
**२०७७, श्रावण**

पृष्ठ १ बाट क्रमसः....

# विद्युतीय माध्यमबाट...

गरी नियमित रुपमा कक्षा सञ्चालन गरिएको उक्त तालिममा विभाग तथा मातहत कार्यालयमा कार्यरत निर्देशक र प्रमुख कर अधिकृतहरु साथै वाह्य प्रशिक्षकहरुले प्रशिक्षण गर्नु भएको थियो। तालिमको पहिलो दिन कार्यक्रमको शुभारम्भ गर्नु हुँदै विभागका महानिर्देशक बिनोद वहादुर कुंवरले वाह्य वातावरणमा आएको असहज परिस्थितिमा पनि सवै कर्मचारीहरुले आ-आफ्नो घरमै रहेर आधुनिक प्रविधिको प्रयोग मार्फत सहभागिता जनाउन सक्ने गरी नयां प्रयोगको रुपमा यो तालिम आयोजना गरिएकोले नियमित रुपमा तालिममा सहभागिता जनाई केही कुरा सिकेर आफ्नो कार्यक्षेत्रमा प्रयोग गर्न सहभागीहरुलाई अनुरोध गर्नु भयो । नियमित रुपमा लगातार १५ दिनसम्म सञ्चालन गरिएको उक्त कक्षाहरुमा दैनिक रुपमा १०० जना भन्दा बढी कर्मचारीहरु सहभागी भएका




थिए । त्यसै गरी मिति २०७७।०३।०५ गते अन्त:शुल्क ऐन, २०५८ को दफा ३ संग सम्बन्धित अनुसूची- अन्त:शुल्क दरबन्दी सम्बन्धमा उपत्यका भित्रका कार्यालयहरुमा कार्यरत अन्त:शुल्क अधिकृतहरुलाई विभागको सभाहलमा नै उपस्थित गराई र उपत्यका वाहिरका अन्त:शुल्क अधिकृतहरुलाई विद्युतीय माध्यमबाट एक दिने प्रशिक्षण कार्यक्रम संचालन गरियो। उक्त तालिममा उपत्यका भित्रका कार्यालयहरुबाट १९ जना अन्त:शुल्क अधिकृतहरु र उपत्यका बाहिरका कार्यालयहरुबाट ४५ गरी जम्मा ६४ जना अन्त:शुल्क अधिकृतको सहभागिता रहेको थियो ।

## आन्तरिक राजस्व विभागको

### अनुसूची तथा फारामहरुमा समसामयिक परिमार्जन सम्बन्धी सूचना

आयकर ऐन, २०५८ को दफा ९६ बमोजिम दाखिला गर्नुपर्ने आय विवरण साथ पेश हुने अनुसूची तथा फारामहरुमा समसामयिक परिमार्जन गरी मिति २०७६।०४।०१ देखि लागू हुने गरी आयकर ऐन, २०५८ को दफा ७७ बमोजिम तोकि सोहि दफाको उपदफा (२) बमोजिम सम्बद्ध सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

# महानिर्देशकको नेतृत्वमा कार्यालयको अनुगमन

सुशासन (व्यवस्थापन तथा संचालन) नियमावली, २०६५ को नियम ४० ले गरेको व्यवस्थाको कार्यान्वयन गर्न तथा आन्तरिक राजस्व विभाग अन्तर्गतका कार्यालयहरुको कार्य सम्पादन स्तरलाई गुणस्तरीय तथा सेवाग्राही मैत्री बनाउने उद्देश्यले आन्तरिक राजस्व विभागका महानिर्देशक बिनोद बहादुर कुँवरको नेतृत्वमा विभागका निर्देशक तथा शाखा अधिकृतहरुको टोलीले आन्तरिक राजस्व कार्यालयहरु क्रमशः भरतपुर, हेटौडा, विरगंज, सिमरा, जनकपुर, लाहान वुटवल, भैरहवा, कृष्णनगर, दाङ्ग तथा तथा उपमहानिर्देशक मुक्तिप्रसाद पाण्डे समेतको टोलीले ठूला करदाता कार्यालयको स्थलगत अनुगमन सम्पन्न गरेको छ। आ.व. २०७५/०७६ र चालू आ.व. २०७६/०७७ को अनुगमन अवधिसम्म तोकिएको राजस्व संकलन तथा कार्यमूलक परिसूचकहरुको लक्ष्य र उक्त परिसूचकहरुको सम्बन्धमा सो अवधिसम्ममा कार्यालयले प्रतिवेदन गरेका कार्यप्रगतिका विषयमा अनुगमन र निरीक्षण गरी कार्यालयका प्रमुख सहित सवै कर्मचारीलाई अनुगमन अवधिसम्म प्राप्त सफलताको लागि महानिर्देशकले प्रसंशा सहित धन्यवाद दिनुभयो। साथै उहाँले चालू आ.व. २०७६/०७७ को लागि कार्यालयहरूलाई तोकिएको राजस्व संकलन तथा कार्यमूलक परिसूचकहरुको लक्ष्य अनुरुप प्रगति हासिल गर्न थप प्रयास गर्न निर्देशन समेत दिनुभयो।

पृष्ठ १ बाट क्रमसः....

## राजस्व संकलनमा.....

रु ९८ अर्व २३ करोड संकलन भई लक्ष्यको तुलनामा ८२.९८ प्रतिशत प्रगति भएको छ। अन्तःशुल्कमा १०६ अर्व ३० करोड लक्ष्य रहेकोमा ६४ अर्व ७९ करोड संकलन भई लक्ष्यको ६०.९५ प्रतिशत प्रगति भएको छ। त्यसैगरी शिक्षा सेवा शुल्कमा रु.११५ करोड लक्ष्यमा रु.५८ करोड संकलन भई लक्ष्यको तुलनामा ५०.६५ प्रतिशत प्रगति भएको छ।

(रु. हजारमा)

| शीर्षक | गतआ.व.(२०७५।७६) को यस अवधिसम्मको प्रगति | आ.व.२०७६।७७ | | | वृद्धि प्रतिशत |
|---|---|---|---|---|---|
| | | लक्ष्य | प्रगति | प्रगति प्रतिशत | |
| आयकर | १७०७४४३१०.०० | २४२६२८१७६.०० | १९२७०२९५०.०० | ७९.४२ | ११ |
| बहालकर | ३३४८९४९.०० | ५२५९१०२.०० | २६५४२८७.०० | ५०.४७ | -२६ |
| ब्याजकर | १८८२८८६४.०० | ३२४६३७३६.०० | २२०००३८.०० | ६७.७७ | १४ |
| जम्मा आयकर | १९२९२२१२३.०० | २८०३५१०१४.०० | २१७३५७२७५.०० | ७७.५३ | १२.२७ |
| मूल्य अभिवृद्धि कर | ८८३०९२६२.०० | ११८३८२०८२.०० | ९८२३४५४६.०० | ८२.९८ | १० |
| अन्तःशुल्क | ७३६०६३५०.०० | १०६३०३९५८.०० | ६४७९४२०६.०० | ६०.९५ | -१४ |
| स्वास्थ्य सेवा शुल्क | २५०६३५०.०० | | ३४३९११६.०० | | २७ |
| शिक्षा सेवा शुल्क | १०७४३५९.०० | ११५२३२२.०० | ५८३६८८.०० | ५०.६५ | -८४ |
| **जम्मा** | **३५८४१८२६८.००** | **५०६१८९३७६.००** | **३८४४०८८३०.००** | **७५.९४** | **७** |

# ई-कमर्श सम्बन्धी तालिम सम्पन्न



विभागले प्रमुख कर अधिकृत तथा कर अधिकृतहरुलाई समावेश गरी चरणबद्ध रुपमा विद्युतीय कारोवार (e-commerce) सम्बन्धी तालिम संचालन गर्ने निर्णय अनुरुप मिति २०७७।०३।२२ र २३ गते प्रथम चरणको दुई दिने तालिम सम्पन्न भएको छ । विभागको सभाहलमा संचालित उक्त तालिम कार्यक्रममा उपत्यका भित्रका कार्यालयहरुमा कार्यरत १९ जना कर अधिकृतहरुको सहभागिता रहेको थियो । दुई दिन सम्म सञ्चालन भएको सो तालिममा विद्युतीय कारोवार सम्बन्धी आधारभूत विषयवस्तुका साथै त्यस्ता कारोवारको करारोपण गर्दा ध्यान दिनु पर्ने कुरा, आय पहिचानका तरिका, विधि र समय जस्ता विषय बस्तुमा बाह्य विज्ञहरुबाट प्रशिक्षण दिइएको थियो । तालिम कार्यक्रको समापनको अवसरमा विभागका निर्देशक सम्झना बरालले प्रशिक्षार्थीहरुलाई बधाई दिनुका साथै अहिलेको बढ्दो विधुतीय कारोवारको प्रकृतिलाई मध्यनजर गरी यो तालिमको आयोजना गरिएको र उक्त तालिमले सहभागीहरुको ज्ञान तथा सीपमा अभिवृद्धि गरी कार्य दक्षतामा सुधार ल्याउने कुरामा आफु विश्वस्त रहेको कुरा व्यक्त गर्दै प्रशिक्षार्थीहरुलाई तालिममा सिकेका विषयबस्तुलाई कार्यक्षेत्रमा उपयोग गर्न आग्रह गर्नुभयो ।

## आन्तरिक राजस्व विभागको

### ठेक्का वा करार अन्तर्गतको मूल्य अभिवृद्धि कर भुक्तानी सम्बन्धी सूचना ।

“सरकारी निकाय वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संघ संस्थाले ठेक्का सम्झौता वा करार अन्तर्गत आपूर्ति हुने वस्तु वा सेवा वा वस्तु तथा सेवा बापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने कर रकमको पचास प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित राजस्व शीर्षकमा जम्मा गरी बाँकी रहने कर बापतको रकम मात्र भुक्तानी गर्नु पर्नेछ” भन्ने व्यवस्था कार्यान्वयनका क्रममा यस अघि भएको परिपत्र एवं सूचना पश्चात पनि केहि द्विविधा रहन गएको बुझिन आएकोले उक्त व्यवस्था ठेक्का संझौता वा करार अन्तर्गत आपूर्ति हुने वस्तु वा सेवा वा वस्तु तथा सेवा वापतको भुक्तानीमा मात्र आकर्षित हुने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

# प्रशासकीय पुनरावलोकनको निबेदन फछ्यौटमा तदारूकता :

कोभिड १९ को कारण नेपाल सरकारवाट २०७६ चैत्र ११ वाट घोषणा भएको लकडाउन अवधि बैशाख, जेष्ठ र आषाढमा आन्तरिक राजस्व विभागमा प्रशासकीय पुनरावलोकनको लागि परेका निवेदनहरूको फछ्यौट गर्ने कार्यलाई तिब्रता दिई उल्लेख्य संख्यामा निवेदन फछ्यौट गरिएको छ।

विगत वर्षहरूवाट फछ्यौट हुन नसकी वांकी रही आ.व. २०७६।०७७ का लागि जिम्मेवारी सरेका र आ.व. २०७६।७७ मा दर्ता भएका निवेदन फछ्यौट गर्ने कार्यलाई प्रतिकुल परिस्थितिका बावजुत पनि विभागले प्राथमिकता दिई कार्य थालनी गरेको थियो। उक्त कार्यका लागि विभागको प्रशासकीय पुनरावलोकन शाखाका अतिरिक्त विभागका अन्य शाखाहरूमा कार्यरत निर्देशकहरू तथा शाखा अधिकृतहरू समेतलाई परिचानल गरिएको थियो ।

यस अवधिमा गरिएको कार्य सम्पादनका कारण उल्लेख्य मात्रामा निवेदन फछ्यौट भई उत्साहजनक प्रगति हासिल भएको र आर्थिक ऐन, २०७७ को दफा २४ को स्किमको दायरामा पर्ने वाहेकका अधिकांश निवेदनहरू २०७७ आषाढ भित्र फछ्यौट भएका छन् । विषम परिस्थितिमा समेत कार्यालयमा उपस्थित भई उत्साहजनक प्रगति हासिल गरेकोमा सबै कर्मचारीलाई महानिर्देशक बिनोद बहादुर कुंवरले धन्यबाद व्यक्त गर्नु भएको थियो । यसै अवधिमा विभागले कर प्रणाली सुधार अन्तर्गत प्रशासकीय पुनरावलोकनका निवेदनको अभिलेख व्यवस्थापनलाई व्यवस्थित गर्न निवेदन अभिलेखलाई विद्युतीय प्रणालीमा प्रविष्ट गर्ने कार्यसमेत थालनी गरेको छ।

## आन्तरिक राजस्व विभागको सूचना

I. जग्गा तथा घरजग्गा निसर्गमा पुँजीगत लाभकर सम्बन्धी निर्देशिका, २०७२ मा आर्थिक ऐन, २०७३, २०७४, २०७५ र २०७६ ले आयकर ऐनमा गरेको संशोधनका आधारमा पहिलो संशोधन, २०७६ आयकर ऐन, २०५८ को दफा १३९ बमोजिम स्वीकृत भई सरोकारवाला सबैको जानकारीको लागि विभागको वेबसाइडमा प्रकाशित गरिएको छ ।

II. व्यावसायिक प्रयोजनका मालवस्तुहरूको आन्तरिक ओसारपसार सम्बन्धी नियमन निर्देशिका, २०६५ (दोस्रो संशोधन, २०७६) मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६१ बमोजिम स्वीकृत भई सरोकारवाला सबैको जानकारीको लागि विभागको वेबसाइडमा प्रकाशित गरिएको छ ।

III. आयकर निर्देशिका, २०६६ (दोस्रो संशोधन, २०७३ सहित) लाई आर्थिक ऐन, २०७४ देखि आर्थिक ऐन, २०७७ ले आयकर ऐन, २०५८ मा गरेको संशोधन साथै आयकर नियमावली, २०५९ मा भएको सातौ, आठौ, नवौ, दशौ र एघारौ संशोधन तथा विभागबाट विभिन्न समयमा आयकर सम्बन्धमा गरिएका परिपत्र समेतको आधारमा समसामयिक उदाहरणहरू समेत समावेश गरीआयकर ऐन, २०६६(तेस्रो संशोधन, २०७७ सहित) आयकर ऐन, २०५८ को दफा १३९ बमोजिम स्वीकृत भई सरोकारवाला सबैको जानकारीको लागि विभागको वेबसाइडमा प्रकाशित गरिएको छ ।

# आर्थिक ऐन, २०७७ को व्यवस्था तथा कर कानूनमा भएको संशोधन सम्बन्धी जानकारी :

| क्र सं. | दफा | विषय | साविकको व्यवस्था | संशोधित व्यवस्था | लागू हुने मिति | स्कीमको म्याद |
|---|---|---|---|---|---|---|
| १ | २० | करको दायरा विस्तार | नभएको | ◆ कुनै पनि व्यक्तिले विगतमा कर लाग्ने आय आर्जन गरेको तर त्यसरी आर्जित आयमा कर नबुझाएको भए त्यस्ता व्यक्तिले स्थायी लेखा नम्बर लिई आर्थिक वर्ष २०७४/७५ र २०७५/७६ को बुझाउनु पर्ने आय विवरण र सोमा लाग्ने कर सम्वत् २०७७ साल फागुन मसान्तसम्म बुझाएमा सो बापत लाग्ने शुल्क तथा ब्याज मिन्हा हुने तथा सो भन्दा अघिका आर्थिक वर्षहरुको आय विवरण र सोमा लाग्ने कर,शुल्क तथा ब्याज बुझाउनु पर्ने छैन । | २०७७/२/१५ | २०७७ फागुन मसान्तसम्म |
| २ | २१ | आय विवरण पेश गर्नेलाई सुविधा | नभएको | ◆ लेखा नम्बर लिई आय विवरण पेश नगर्ने वार्षिक पचास लाख रुपैयाँसम्मको कारोबार गर्ने प्राकृतिक व्यक्तिले आर्थिक वर्ष २०७३/७४, २०७४/७५ र २०७५/७६ को आय विवरण सो आय विवरण अनुसारको आयकर र सोमा लाग्ने ब्याजको पच्चीस प्रतिशतले हुने रकम सम्वत् २०७७ साल फागुन मसान्तसम्म बुझाएमा सोभन्दा अघिका वर्षहरुको आय विवरण पेश गर्नुपर्ने छैन र त्यस्तो आयमा लाग्ने कर, शुल्क तथा बाँकी ब्याज मिन्हा हुने ।<br>◆ स्थायी लेखा नम्बर लिई आर्थिक बर्ष २०७३/७४ वा सोभन्दा अघिको आय विवरण पेश नगर्ने वार्षिक पचास लाख रुपैयाँभन्दा बढीको कारोबार गर्ने प्राकृतिक व्यक्ति वा निकायले आय विवरण सो आय विवरण अनुसारको आयकर र सोमा लाग्ने ब्याजको पच्चीस प्रतिशतले हुने रकम सम्वत् २०७७ साल फागुन मसान्तसम्म बुझाएमा सोमा लाग्ने शुल्क तथा बाँकी ब्याज मिन्हा हुनेछ । | २०७७/२/१५ | २०७७ फागुन मसान्तसम्म |
| ३ | २१ | मुल्य अभिवृद्धि कर विवरण बुझाएमा सुविधा । | | ◆ सम्वत् २०७५ साल असार मसान्तसम्मको मूल्य अभिवृद्धि कर विवरण पेश नगर्ने मूल्य अभिवृद्धि करमा दर्ता भएका कुनै पनि करदाताले आफूले बुझाउनु पर्ने कर विवरण, सो कर विवरण अनुसारको मूल्य अभिवृद्धि कर र सोमा लाग्ने ब्याजको पचास प्रतिशतले हुने रकम सम्वत् २०७७ साल फागुन मसान्तभित्र बुझाएमा सोमा लाग्ने जरिवाना,थप दस्तुर तथा बाँकी ब्याज मिन्हा हुने ।<br>◆ माथि उल्लिखित म्यादभित्र मूल्य अभिवृद्धि कर विवरण पेश नगर्ने करदाता मध्ये सम्वत् २०७३ साल असारसम्मको कर विवरण पेश नगर्ने करदाताको दर्ता स्वत: खारेज हुने ।<br>◆ दर्ता खारेज भएका करदाताले पेश गर्नुपर्ने कर विवरण ढिला पेश गरेको वा कर विवरण पेश नगरेको कारणले लाग्ने जरिवाना मिन्हा हुने ।<br>◆ विवरण वापतको बक्यौता बाहेक अन्य कर बक्यौता रहेका करदाताको त्यस्तो बक्यौता रकमको अभिलेख कायम गरी असुल गरिने । | २०७७/२/१५ | २०७७ फागुन मसान्तसम्म |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | २२ | खानेपानी तथा सरसफाई उपभोक्ता संस्थालाई सुविधा | नयाँ व्यवस्था । | जलस्रोत ऐन, २०४९ बमोजिम दर्ता भएका खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाको आर्थिक वर्ष २०७५/७६ सम्मको कारोबारमा आन्तरिक राजस्व कार्यालयबाट कर निर्धारण भई बक्यौता रहेको कर, शुल्क तथा ब्याजर आर्थिक वर्ष २०७६/७७ र सो भन्दा अघिका आय वर्षहरुमा संस्थाले आफ्नो उद्देश्य अनुरुप आर्जन गरेको आयमा आयकर ऐन, २०५८ बमोजिम लाग्ने करमध्ये तिर्न बाँकी कर, शुल्क तथा ब्याज मिन्हा हुने । | २०७७/२/१५ | |
| ५ | २३ | बक्यौता कर मिन्हा सम्बन्धी विशेष व्यवस्था । | नभएको | आयकर ऐन, २०३१ बमोजिम लगत कायम भई असुल हुन नसकेको आयकर बक्यौता र मूल्य अभिवृद्धि कर ऐन, २०५२ ले प्रतिस्थापन गरेका होटल कर, मनोरञ्जन कर, ठेक्का कर र बिक्रीकर ऐन बमोजिम सम्वत् २०६० साल असार मसान्तसम्म लगत कायम भई असुल हुन नसकेका बक्यौता करमध्ये प्रति लगत पचास हजार रुपैयाँसम्मको बक्यौता कर र सोमा लागेको ब्याज मिन्हा गरिएको । | २०७७/२/१५ | |
| ६ | २४ | मुद्दा फिर्ता लिएमा सुविधा | नभएको | आयकर ऐन, २०५८, मूल्य अभिवृद्धि कर ऐन, २०५२ र अन्तःशुल्क ऐन,२०५८ बमोजिम सम्वत् २०७५ साल असार मसान्तभित्र भएको कर निर्धारण वा अन्तःशुल्क निर्धारण (झुट्टा तथा नक्कली बीजक सम्बन्धमा भएको कर निर्धारण बाहेक) उपर चित्त नबुझाई आन्तरिक राजस्व विभाग समक्ष प्रशासकीय पुनरावलोकनको लागि निवेदन दिई विचाराधिन रहेका वा विभागको निर्णयमा चित्त नबुझाई राजस्व न्यायाधिकरण वा अदालतमा पुनरावेदनमा गई विचाराधिन रहेका मुद्दा सम्बन्धित करदाताले फिर्ता लिई त्यस्तो निर्धारणबाट कायम भएको आयकर,मूल्य अभिवृद्धि कर,अन्तःशुल्क बापतको कर रकम र सोमा लागेको ब्याज सम्वत् २०७७ साल फागुन मसान्तभित्र बुझाएमा सो मा लागेको शुल्क, थप दस्तुर तथा जरिवाना मिन्हा दिइनेछ । | २०७७।२।१५ | २०७७ फागुन मसान्तसम्म |
| ७ | २५ | कोभिड - १९ को संक्रमणबाट प्रभावितलाई आ.व.२०७६/७७ को कारोबारमा छुट सुविधा । | नभएको | ◆ वार्षिक बीस लाख रुपैयाँसम्मको कारोबार वा दुई लाखसम्म आय भई डे०१ आय विवरण बुझाउने करदातालाई पचहत्तर प्रतिशत छुट ।<br>◆ कारोबारको आधारमा डे ०२ आय विवरण बुझाउने वार्षिक बीस लाख रुपैयाँदेखि पचास लाख रुपैयाँसम्मको कारोबार भएका करदातालाई पचास प्रतिशत छुट ।<br>◆ वार्षिक एक करोड रुपैयाँसम्मको व्यवसायिक कारोबार भएका व्यक्तिलाई पच्चीस प्रतिशतले छुट<br>◆ होटल, ट्राभल, ट्रेकिङ्ग, यातायात वा हवाई सेवाको वार्षिक एक करोड रुपैयाँभन्दा बढी कारोबार गर्ने व्यक्तिलाई बीस प्रतिशतले छुट । | २०७७।२।१५ | |
| ८ | २६ | कोरोना संक्रमण, नियन्त्रण तथा उपचार कोषमा योगदान गरेको खर्च सम्बन्धी विशेष व्यवस्था । | नभएको | कुनै व्यक्तिले आर्थिक वर्ष २०७६ र ७७ मा नेपाल सरकार, प्रदेश वा स्थानीय तहले स्थापना गरेको कोरोना संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोषमा योगदान गरेको रकम उक्त वर्षको करयोग्य आय गणना गर्दा खर्च कट्टी गर्न पाउने । | २०७७।२।१५ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९ | २७ | ज्याला खर्च सम्बन्धी विशेष व्यवस्था | स्थायी लेखा नम्बर नभएका कर्मचारी तथा कामदारलाई वितरण गरेको पारिश्रमिक तथा ज्याला खर्च कट्टी गर्न नपाउने व्यवस्था रहेको । | आर्थिक वर्ष २०७६ र ७७ मा पटके प्रकृतिको तीन हजार रुपैयाँसम्मको ज्याला भुक्तानी गर्दा भुक्तानी प्राप्त गर्ने प्राकृतिक व्यक्तिले स्थायी लेखा नम्बर नलिएको भए तापनि त्यस्तो खर्च कट्टी गर्न पाउने । | २०७७।२।१५ | |
| १० | २८ | स्थायी लेखा नम्बर उल्लेख नभएको बीजक बापतको खर्च सम्बन्धी विशेष व्यवस्था । | स्थायी लेखा नम्बर उल्लेख नभएको बीजक बापतको खर्च कट्टी गर्न नपाउने व्यवस्था रहेको | आर्थिक वर्ष २०७६/७७ मा व्यावसायिक कारोबार नगर्ने प्राकृतिक व्यक्तिसँग सोझै गरिने कृषिजन्य, वनजन्य, पशुजन्य र अन्य घरायसी वस्तुको खरिद तथा स्थायी लेखा नम्बर उल्लेख नभएको दुई हजार रुपैयाँ सम्मको बीजक बापतको खर्च कट्टी गर्न पाउने । | २०७७।२।१५ | |
| ११ | २९ | दम्पत्तिले योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा योगदान गरेको आय सम्बन्धी विशेष व्यवस्था । | दम्पतिले योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा योगदान गरेकोमा त्यस्तो आयमा एक प्रतिशत कर लाग्ने व्यवस्था रहेको । | आर्थिक वर्ष २०७६/७७ मा दम्पत्तिले योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा योगदान गरेकोमा त्यस्तो आयमा एक प्रतिशत कर नलाग्ने । | २०७७।२।१५ | |
| १२ | ३० | सामाजिक सुरक्षा कोषमा योगदान बापतको रकम हस्तान्तरण सम्बन्धी विशेष व्यवस्था | नभएको । | सामाजिक सुरक्षा कोषमा सहभागी भएको वा हुन चाहने कुनै पनि योगदानकर्ताले स्वीकृत अवकाश कोषमा जम्मा गरेको रकम सम्वत् २०७७ साल चैत्र मसान्तभित्र सामाजिक सुरक्षा कोषमा हस्तान्तरण गरेमा अवकाश भुक्तानी बापत कर कट्टी गर्नु नपर्ने । | २०७७।२।१५ | २०७७ चैत्र मसान्त सम्म |
| १३ | ३१ | ह्रासयोग्य सम्पत्तिमा एकतिहाइले थप पाउने ह्रासकट्टी खर्च सम्बन्धी विशेष व्यवस्था | सहकारी संस्थाले मात्र एक तिहाइले थप पाउने व्यवस्था रहेको । | आर्थिक वर्ष २०७६ र ७७ मा कुनै निकाय वर्षभरि पूर्णरुपले विशेष उद्योग सञ्चालनमा रहेको भएमा वा कुनै निकायले सडक, पुल, टनेल रोपवे, रेल्वेवा आकासे पुलनिर्माण गरी सञ्चालन गरेको वा ट्राम वा ट्रलिबस सञ्चालन गरेको भएमा एकतिहाइले थप ह्रास खर्च कट्टी पाउने । | २०७७।२।१५ | |

# आर्थिक ऐन, २०७७ ले मूल्य अभिवृद्धि कर ऐन, २०५२ मा गरेको संशोधन

| क्र. सं. | दफा | विषय | साविक व्यवस्था | संशोधित व्यवस्था | लागू हुने मिति |
|---|---|---|---|---|---|
| १ | १० (२) (क) | अनिवार्य दर्ता गर्नुपर्ने कारोबार । | कवाडी तथा पत्रुको व्यवसाय अनिवार्य दर्ता गर्नुपर्ने । | कवाडी तथा पत्रुको व्यवसायलाई अनिवार्य दर्ताको सूचिबाट हटाइएको । | २०७७।२।१५ |
| २ | १० (२) (ख) | अनिवार्य दर्ता गर्नुपर्ने क्षेत्र र कारोबार । | ◆नगरपालिका क्षेत्रभित्र<br>◆शैक्षिक तथा कानुनी परामर्श,<br>◆सुटिङ्ग सर्टिङ्गको सामान सहितको टेलरिङ्ग व्यवसायलाई अनिवार्य दर्ताको व्यवस्था रहेको । | ◆नगरपालिका हटाइएको ।<br>◆कानुनी परामर्श हटाइएको ।<br>◆सुटिङ्ग सर्टिङ्गको सामान सहितको टेलरिङ्ग व्यवसाय हटाइएको । | २०७७।२।१५ |
| ३ | २५(१) (क२)थप | कर फिर्ता | नभएको | संयुक्त राष्ट्र संघ, यसका सदस्य संस्था एवं विशिष्टिकृत एजेन्सीले आफ्नो उद्देश्य अनुरुप कार्य सञ्चालन गर्ने सिलसिलामा नेपालभित्र कर लाग्ने वस्तु वा सेवा खरिद गर्दा तिरेको करको रकम । | २०७७।२।१५ |
| ४ | २५ग१. थप | ठेक्का वा करार अन्तर्गत बढी भुक्तानी भएको कर फिर्ता सम्बन्धी व्यवस्था । | नभएको । | ◆सार्वजनिक निकाय वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको सङ्घ संस्थाले ठेक्का सम्झौता वा करार अन्तर्गत आपूर्ति भएको वस्तु वा सेवा वा वस्तु तथा सेवा बापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजको नामबाट दाखिला भएको कर बापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्ताले बुझाउनु पर्ने करमा मिलान गर्न पाउने ।<br>◆लगातार चार महिनासम्म मिलान गर्दा मिलान हुन नसकी बढी दाखिल भएको त्यस्तो रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्ताले फिर्ता लिन चाहेमा कर अधिकृत समक्ष निवेदन दिनु पर्ने ।<br>◆कसैको निवेदन परेमा फिर्ता दिनु पर्ने ठहरिएको रकम निवेदन परेको मितिले साठी दिनभित्र फिर्ता दिनु पर्ने ।<br>◆सम्बन्धित ठेकेदार वा आपूर्तिकर्ताले फिर्ता पाउन दाबी गरिसकेपछि त्यस्तो रकम अर्को महिनामा उठाएको करमा मिलान गर्न नपाउने । | २०७७।२।१५ |
| ५ | २५ग२. थप | औषधि उद्योगको कर फिर्ता सम्बन्धी व्यवस्था | नभएको | ◆औषधि उद्योगले औषधि उत्पादनको लागि आवश्यक पर्ने कच्चा पदार्थ,सहायक कच्चा पदार्थ र प्याकिङ्ग मेटेरियल स्वदेशी उद्योगबाट खरिद गरेमा उक्त खरिदमा तिरेको कर चौमासिक रुपमा फिर्ता पाउन निवेदन दिन सक्ने ।<br>◆कसैको निवेदन परेमा फिर्ता दिनु पर्ने ठहरिएको रकम निवेदन परेको मितिले साठी दिनभित्र फिर्ता दिनु पर्ने । | २०७७।२।१५ |
| ६ | दफा २९ (१) (क) | जरिवाना सम्बन्धमा | प्रत्येक कर अवधिको निमित्त दश हजार रुपैयाँ, | प्रत्येक पटक बीस हजार रुपैयाँ, | २०७७।२।१५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | दफा २९ (१घ)थप | जरिवाना सम्बन्धमा | नभएको । | दर्ता हुनुपर्ने दायित्व भएका व्यक्तिले दर्ता नगरी कारोबार गरेमा कर अधिकृतले त्यस्तो व्यक्तिलाई कर बिगोको पचास प्रतिशतले हुन आउने रकम जरिवाना गर्न सक्ने । | २०७७।२।१५ |
| ८ | अनुसूची १ | कर छुट हुने वस्तु तथा सेवा | नभएको | ◆सोयाबडी मस्यौरा<br>◆फेस मास्क बनाउने मेशिन<br>◆शवदाह मेशिन<br>◆लघु बीमा । अनुसूची १ मा समावेश भएको | २०७७।२।१५ |
| ९ | अनुसूची-१ को समूह ५ को द्रष्टव्य | औषधि उद्योग | औषधि उद्योग आफैंले पैठारी गर्ने हार्मोनाइज्ड कोडको भाग २८ र २९ भित्र पर्ने औषधि तथा इन्ट्रा ओकुलर लेन्स (आइ.ओ.एल.)उत्पादन मा प्रयोग गर्ने कच्चा पदार्थ ।<br><br>नभएको | औषधि उद्योग आफैंले पैठारी गर्ने भन्सार दरबन्दी को भाग २८,२९ र ३८ मा पर्ने औषधि तथा इन्ट्रा ओकुलर लेन्स (आइ.ओ.एल.) उत्पादन मा प्रयोग गर्ने कच्चा पदार्थ,सहायक कच्चा पदार्थ र रासायनिक पदार्थ ।<br><br>स्वास्थ्य मन्त्रालयको नाममा वा मन्त्रालयले तोकेको स्वास्थ्य संस्था वा निकायलाई सहयोग स्वरुप हस्तान्तरण गर्ने शर्तमा बिभिन्न संघ संस्था निकाय वा व्यक्तिले पैठारी गर्ने कोभिड (१९ संक्रमणको रोकथाम, नियन्त्रण र उपचारका लागि आवश्यक पर्ने औषधि, मेडिकल तथा सर्जिकल काममा प्रयोग हुने वस्तु (पी.पी.ई.) भाइरल ट्रान्सपोर्ट मिडिया, उपशीर्षक पि.सि.आर. टेष्ट किट, आर.डि.टी. टेष्ट किट, पि.सि.आर. रिएजेन्ट र एक्सट्राक्सन किट्स, सर्जिकल ग्लोभ्स, फेस मास्क, अटोक्लेभ मेशिन, डिजिटल इन्फ्रारेड थर्मोमिटर (थर्मल गन), भेन्टिलेटर, पोर्टेवल पि.सि.आर. मेशिन र प्रोटेक्टिभ गगल्स" । | २०७७।२।१५ |
| १० | अनुसूची-१ को समूह ११ को खण्ड (आ) को उपखण्ड (१२) | छुट सुविधा | जलविद्युत आयोजनाको लागि आवश्यक पर्ने निर्माण उपकरणहरू, मेशिनरी औजारहरू र सो सँग सम्बन्धित पार्टपूर्जाहरू तथा त्यस्ता उपकरणहरू निर्माण गर्न आवश्यक पर्ने कच्चा पदार्थ (स्टीलसिट) पैठारी गर्दा<br>वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको स्वीकृतिमा सञ्चालन हुने को हकमा सो केन्द्र को र अन्य आयोजना को हकमा विद्युत विकास विभागको सिफारिसमा मूल्य अभिवृद्धि कर छुट दिइनेछ । | जलविद्युत उत्पादन, प्रसारण र वितरण आयोजनाको लागि आवश्यक पर्ने निर्माण उपकरण,मेशिनरी औजार र सो सँग सम्बन्धित पार्टपूर्जा लगानी बोर्डको स्वीकृतिमा सञ्चालन हुनेको हकमा सो बोर्डको, वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको स्वीकृतिमा सञ्चालन हुनेको हकमा सो केन्द्रको र अन्य आयोजनाको हकमा विद्युत विकास विभागको सिफारिसमा पैठारी गर्दा मूल्य अभिवृद्धि कर छुट दिइनेछ । | २०७७।२।१५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ११ | अनुसूची-२ दफा ६ | विद्युतीय सवारी | वन तथा वातावरण मन्त्रालयको सिफारिसमा स्वदेशी उद्योगबाट उत्पादन हुने विद्युतीय सवारीमा प्रयोग हुने डिप साइकल लिड एसिड व्याट्रीहरु (८५०७.२०.००) | झिकिएको | २०७७२१५ |
| १२ | अनुसूची-२<br>दफा ११<br>थप | शून्य दरको सुविधा | नभएको | नेपाल सरकार, अर्थ मन्त्रालयबाट कर छुटको सहमति लिई सम्पन्न भएको द्विपक्षीय वा बहुपक्षीय सम्झौता बमोजिम नेपालमा आयोजना सञ्चालन गर्ने सिलसिलामा आवश्यक पर्ने स्वीकृत माष्टर लिष्ट बमोजिमका मेशिनरी, उपकरण र निर्माण सामग्री स्वदेशी उद्योगबाट उत्पादन हुने भई सोही उद्योगबाट सम्बन्धित आयोजनामा सोझै वा सो आयोजनाका ठेकेदार मार्फत आपूर्ति गर्ने भएमा त्यस्तो आपूर्तिमा विभागले तोकेको प्रक्रिया बमोजिम त्यस्तो उद्योगलाई सो कारोबारमा शून्य दरको सुविधा प्रदान गरिनेछ । | २०७७२१५ |

## मूल्य अभिवृद्धि कर नियमावली, २०५३ मा भएको बाइसौं संशोधन

| क्र.सं. | नियम | विषय | साविक व्यवस्था | संशोधित व्यवस्था | लागू हुने मिति |
|---|---|---|---|---|---|
| १ | नियम ७ को उपनियम (५) | दर्ता सम्वन्धी व्यवस्था | ◆ कर अधिकृतले निरीक्षण गर्दाका बखत कारोवार गर्ने व्यक्तिसँग रहेको वस्तुको प्रकृतिको आधारमा विभागले तोकेको रकमभन्दा बढी मूल्यको वस्तु मौज्दात भएमा ।<br>◆ कुनै व्यक्तिले वार्षिक दश लाख रुपैयाँभन्दा बढी रकमको कुनै बैङ्क बाट व्यवसायिक ऋण प्राप्त गरेमा । | झिकिएको । | २०७७/२/१५ |
| २ | नियम ७ ख. | अभिलेख अद्यावधिक | सम्वत् २०७७ साल असार मसान्त भित्र वायोमेट्रिक प्रणालीमा अद्यावधिक गराउनु पर्ने । | सम्वत् २०७८ साल असार मसान्तभित्र वायोमेट्रिक प्रणालीमा अद्यावधिक गराउनु पर्ने। | २०७७/२/१५ |
| ३ | नियम २६ को उपनियम (३ख) | कर अवधि | ईटा उद्योग, छापा, छापा तथा विद्युतीय प्रकाशन एवं प्रसारण गृहले चाहेमा विभागले विवरण पेश गर्ने अवधि चौमासिक कायम गर्न सक्ने | ईटा उद्योग, छापा, छापा तथा विद्युतीय प्रकाशन वा प्रसारण गृह,होटल, पर्यटन, चलचित्र घर तथा ढुवानीव्यवसायीले चाहेमा विभागले विवरण पेश गर्ने अवधि चौमासिक कायम गर्न सक्ने । | २०७७२१५ |
| ४ | नियम ४५ को उपनियम (१), (२) र (३) | कर फिर्ता गर्ने अवधि तथा निवेदनको ढाँचा | नभएको | ◆ ठेक्का वा करार अन्तर्गत बढी भुक्तानी भएको कर फिर्ता (दफा २५ग १ .) को हकमा साठी दिनभित्र र २५ग २ को हकमा तीस दिनभित्र फिर्ता दिनु पर्ने ।<br>◆ संयुक्त राष्ट्र संघ (दफा २५(१) (क२) र औषधि उद्योग (दफा २५ ग २.) को लागि निवेदनको ढाँचा क्रमश: अनुसूची-१७ क., र अनुसूची-१८ क. तोकिएको । | २०७७२१५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | नियम ६२ | अनसूचीमा थपघट तथा हेरफेर | नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीहरुमा आवश्यक थपघट तथा हेरफेर गर्न सक्ने । | अर्थ मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी अनुसूचीहरुमा आवश्यक थपघट तथा हेरफेर गर्न सक्ने । | २०७७२।१५ |

## आर्थिक ऐन, २०७७ ले आयकर ऐन, २०५८ मा गरेको संशोधन

| क.सं. | दफा | विषय | साविक व्यवस्था | संशोधित व्यवस्था | लागू हुने मिति |
|---|---|---|---|---|---|
| १ | १० (ट) | कर छुट हुने रकम | नभएको । | जलस्रोत ऐन, २०४९ बमोजिम दर्ता भएका खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाले आफ्नो उद्देश्य अनुरुप आर्जन गरेको रकम । | २०७७।४।१ |
| २ | ११ (२) | सहकारी संस्था | गाउँपालिकाको क्षेत्रमा सञ्चालित वित्तीय कारोबार गर्ने सहकारी संस्था वा संघको आयमा कर लाग्ने छैन । | गाउँपालिकाको क्षेत्रमा सञ्चालित सहकारी संस्था वा संघको आयमा कर लाग्ने छैन | २०७७।४।१ |
| ३ | दफा ११ को उपदफा (३) को खण्ड (ख) | छुट सुविधा | ◆ अल्पविकसित<br>◆ उद्योग सञ्चालन भएको आय वर्ष समेत दश आय वर्षका लागि । | ◆ कम विकसित<br>◆ उद्योगले व्यावसायिक उत्पादन वा कारोबार सुरु गरेको मितिले दश वर्षसम्म । | २०७७।४।१ |
| ४ | दफा ११ को उपदफा (३) को खण्ड (ग) | छुट सुविधा | एक अर्ब रुपैयाँभन्दा बढीको पुँजी लगानीमा स्थापना हुने र पाँच सयभन्दा बढीलाई वर्षभरी नै प्रत्यक्ष रोजगारी प्रदान गर्ने विशेष उद्योगलाई कारोबार सुरु गरेको मितिले पाँच वर्षसम्म पूर्णरूपमा आयकर छुट दिई त्यसपछिको तीन वर्षसम्म लाग्ने करको पचास प्रतिशत ।<br>तर, हाल सञ्चालनमा रहेका यस्ता उद्योगले कम्तीमा पच्चीस प्रतिशत जडित क्षमता वृद्धि गरी एक अर्ब पुँजी पुऱ्याई पाँच सयभन्दा बढीलाई वर्षभरी नै प्रत्यक्ष रोजगारी प्रदान गरेमा त्यसरी क्षमता वृद्धिबाट प्राप्त भएको आयमा पाँच वर्षसम्म पूर्ण रूपमा आयकर छुट दिई त्यसपछिको तीन वर्षसम्म लाग्ने करको पचास प्रतिशत आयकर छुट हुने । | एक अर्ब भन्दा बढीको पुँजी लगानीमा स्थापना हुने र पाँच सयभन्दा बढीलाई वर्षभरी नै प्रत्यक्ष रोजगारी प्रदान गर्ने विशेष उद्योग वा पर्यटन उद्योग (क्यासिनो बाहेक) लाई कारोबार सुरु गरेको मितिले पाँच वर्षसम्म पूर्ण रुपमा आयकर छुट दिई त्यसपछिको तीन वर्षसम्म लाग्ने करको पचास प्रतिशत, तर, हाल सञ्चालनमा रहेका यस्ता उद्योगले कम्तीमा पच्चीस प्रतिशत जडित क्षमता वृद्धि गरी दुई अर्ब पुँजी पुऱ्याई तीन सयभन्दा बढीलाई वर्षभरी नै प्रत्यक्ष रोजगारी प्रदान गरेमा त्यसरी क्षमता वृद्धिबाट प्राप्त भएको आयमा पाँच वर्षसम्म पूर्ण रूपमा आयकर छुट दिई त्यसपछिको तीन वर्षसम्म लाग्ने करको पचास प्रतिशत आयकर छुट हुने । | २०७७।४।१ |
| ५ | दफा ११ को उपदफा (३ ख) | छुट सुविधा | खनिज,पेट्रोलियम तथा प्राकृतिक ग्याँस अन्वेषण तथा उत्खनन् गर्ने कारोबार गर्ने व्यक्तिले सम्वत् २०८० साल चैत्र महिनासम्म व्यापारिक रूपमा कारोबार सञ्चालन गरेमा कारोबार सञ्चालन गरेको मितिले पहिलो सातवर्ष सम्म पूरै आयकर छुट पाउने छ र त्यसपछिको तीनवर्ष सम्म पचास प्रतिशत आयकर छुट पाउने । | खनिज,पेट्रोलियम पदार्थ,प्राकृतिक ग्याँस तथा इन्धन अन्वेषण तथा उत्खनन् गर्ने कारोबार गर्ने व्यक्तिले सम्वत् २०८० साल चैत्र महिना सम्म व्यापारिक रूपमा कारोबार सञ्चालन गरेमा कारोबार सञ्चालन गरेको मितिले पहिलो सातवर्ष सम्म पूरै आयकर छुट पाउनेछ र त्यसपछिको तीनवर्ष सम्म पचास प्रतिशत आयकर छुट पाउने । | २०७७।४।१ |
| ६ | दफा ११ को उपदफा (३ग) | छुट सुविधा | नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको टेक्नोलोजी पार्क, बायोटेक पार्क र सूचना प्रविधि पार्क भित्र स्थापित सफ्टवेयर विकास, तथ्याङ्क प्रशोधन, साइबर क्याफे, डिजिटल म्यापिङ सम्बन्धी उद्योगको आयमा लाग्ने कर को पचास प्रतिशत छुट हुने । | नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको प्राणीशास्त्र सम्बन्धी (जुलोजिकल),भूशास्त्र सम्बन्धी (जियोलोजिकल), जीवप्रविधि (बायोटेक) सम्बन्धी पार्क सञ्चालन,प्रविधि पार्कर सूचना प्रविधि पार्कभित्र स्थापित सफ्टवेयर विकास,तथ्याङ्क प्रशोधन,साइबर क्याफे,डिजिटल म्यापिङ सम्बन्धी उद्योगको आयमा लाग्ने करको पचास प्रतिशत छुट हुने । | २०७७।४।१ |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | दफा ११ को उपदफा (३ घ) | छुट सुविधा | सम्वत् २०८० साल चैत्र महिनासम्म जलविद्युतको व्यापारिकरुपमा उत्पादन,प्रशारण वा वितरण सुरु गर्ने अनुमति प्राप्त व्यक्ति वा निकायले पहिलो दशवर्षसम्म पुरै आयकर छुट पाउनेछ र त्यसपछिको पाँच वर्षसम्म पचास प्रतिशत आयकर छुट पाउने । त्यस्तो सुविधा सौर्य, वायु तथा जैविक पदार्थबाट उत्पादन हुने विद्युतले समेत पाउने । | सम्वत् २०८० साल चैत्र महिनासम्म जलविद्युतको व्यापारिक रुपमा उत्पादन, प्रशारण वा वितरण सुरु गर्ने अनुमति प्राप्त व्यक्ति वा निकायले जलविद्युतको व्यापारिक रुपमा उत्पादन सुरु गरेको मितिले पहिलो दशवर्ष सम्म पुरै आयकर छुट पाउनेछ र त्यसपछिको पाँच वर्षसम्म पचास प्रतिशत आयकर छुट पाउने । त्यस्तो सुविधा सौर्य, वायु तथा जैविक पदार्थबाट उत्पादन हुने विद्युतले समेत पाउने । | २०७७।४।१ |
| ८ | दफा ११ को उपदफा (३ च) | छुट सुविधा | कुनै निकायले देहाय बमोजिमको कार्य गरी सोबाट प्राप्त आयमा लाग्ने करमा देहाय बमोजिम छुट हुनेछ :<br>(क) ट्राम वा ट्रलि बस सञ्चालन गरेमा बीस प्रतिशत,<br>(ख) रोपवे, केवलकार, रेल्वे, टनेल वा आकासे पुल निर्माण गरी सञ्चालन गरेमा बीस प्रतिशत,<br>(ग) विमानस्थल निर्माण तथा सञ्चालन गरेमा चालीस प्रतिशत,<br>(घ) सडक, पुल वा सुरुङ्गमार्ग निर्माण तथा सञ्चालन गरेमा बाउन्न प्रतिशत,<br>(ङ) ट्राम वा ट्रलिबसमा लगानी गरी सञ्चालन गरेमा बाउन्न प्रतिशत। | कुनै निकायले देहाय बमोजिमको कार्य गरी सोबाट प्राप्त आयमा व्यापारिक रुपमा कारोबार सञ्चालन गरेको मितिले दशवर्षसम्म लाग्ने करमा देहाय बमोजिम छुट हुनेछ :<br>(क) ट्राम वा ट्रलि बस सञ्चालन गरेमा चालीस प्रतिशत,<br>(ख) रोपवे, केवलकार,आकासे पुल निर्माण गरी सञ्चालन गरेमा चालीस प्रतिशत,<br>(ग) सडक, पुल,सुरुङ्ग मार्ग, टनेल, रेल्वे,विमानस्थल निर्माण गरी सञ्चालन गरेमा पचास प्रतिशत । | २०७७।४।१ |
| ९ | दफा ११ को उपदफा (३ ज) | छुट सुविधा | अति अविकसित क्षेत्रमा स्थापित फलफूलमा आधारित ब्राण्डी, साइडर एवं वाइन उत्पादन गर्ने उद्योग लाई कारोबार सुरु गरेको मितिले दशवर्ष सम्म चालीस प्रतिशत आयकर छुट हुने । | अति अविकसित क्षेत्र र अविकसित क्षेत्रमा स्थापित फलफूलमा आधारित ब्राण्डी, साइडर एवं वाइन उत्पादन गर्ने उद्योगलाई कारोवार सुरु गरेको मितिले दश बर्षसम्म क्रमश: चालीस र पच्चीस प्रतिशत आयकर छुट हुने । | २०७७।४।१ |
| १० | दफा ११ को उपदफा (३ ट) को प्रतिबन्धात्मक वाक्यांश | छुट सुविधा | तर हाल सञ्चालनमा रहेका त्यस्ता उद्योग वा हवाई कम्पनीले हालको जडित क्षमताको कम्तीमा पच्चीस प्रतिशत क्षमता वृद्धि गरी दुई अर्ब रुपैयाँ पुँजी पुर्याएमा त्यसरी क्षमता वृद्धिबाट प्राप्त भएको आयमा पाँच वर्षसम्म पूर्णरूपमा र त्यसपछिको तीन वर्षसम्म लाग्ने आय करको दरमा पचास प्रतिशत छुट हुने । | झिकिएको । | २०७७।४।१ |
| ११ | दफा ११ को उपदफा (३ त) | छुट सुविधा | लघु उद्यम लाई व्यवसाय वा कारोबार शुरु गरेको मितिले पाँच वर्षसम्म लाग्ने आयकर पूर्णरुपमा छुट हुनेछ । यस्तो लघु उद्यम महिला उद्यमी बाट सञ्चालन भएमा थप दुई वर्ष लाग्ने आयकर पूर्णरुपमा छुट हुने । | लघु उद्यम लाई व्यवसाय वा कारोबार शुरु गरेको मितिले सात वर्षसम्म लाग्ने आयकर पूर्ण रुपमा छुट हुनेछ। यस्तो लघु उद्यम महिला उद्यमी बाट सञ्चालन भएमा थप तीन वर्ष लाग्ने आयकर पूर्णरुपमा छुट हुने । | २०७७।४।१ |
| १२ | दफा ११ को उपदफा (३ द) थप | छुट सुविधा | नभएको । | औद्योगिक क्षेत्र वा औद्योगिक ग्राम मा स्थापना भई सञ्चालन भएका विशेष उद्योगलाई कारोबार शुरु गरेको मितिले पाँच वर्षसम्म लाग्ने आयकरमा पच्चीस प्रतिशत छुट हुनेछ । | २०७७।४।१ |

| | | | | | |
|---|---|---|---|---|---|
| १३ | २१ (१) (घ१) र घ(२) | पारिश्रमिक तथा ज्याला खर्च कट्टी | स्थायी लेखा नम्बर नभएका कर्मचारी तथा कामदारलाई वितरण गरेको पारिश्रमिक तथा ज्याला खर्च,<br><br>स्थायी लेखा नम्बर उल्लेख नभएको एक हजार रुपैयाँभन्दा बढी मूल्यको बीजक बापतको खर्च, | पटके प्रकृतिको तीन हजार रुपैयाँसम्मको ज्याला भुक्तानी बाहेक स्थायी लेखा नम्बर नलिएका कर्मचारी तथा कामदारलाई वितरण गरेको पारिश्रमिक तथा ज्याला खर्च,<br>स्थायी लेखा नम्बर उल्लेख नभएको दुईहजार रुपैयाँभन्दा बढीको बीजक बापतको खर्च,<br>तर व्यावसायिक कारोबार नगर्ने प्राकृतिक व्यक्तिसँग सोझै गरिने कृषिजन्य, वनजन्य, पशुजन्य र अन्य घरायसी वस्तुको खरिदमा बिक्रेताले स्थायी लेखा नम्बर लिएको रहेनछ भने पनि त्यस्तो खरिद खर्च मान्य हुने । | २०७७।४।१ |
| १४ | ४७क. | मर्जर सम्बन्धी व्यवस्था | ◆ आशयपत्र दिने म्याद सम्वत् २०७७ असार मसान्त भित्र ।<br>◆ गाभिने प्रक्रिया पूरा गर्नुपर्ने म्याद सम्वत् २०७८ असार मसान्त भित्र । | ◆ आशयपत्र दिने म्याद सम्वत् २०७८ असार मसान्तभित्र ।<br>◆ गाभिने प्रक्रिया पूरा गर्नुपर्ने म्याद सम्वत् २०७९ असार मसान्तभित्र । | २०७७।४।१ |
| १५ | ७८क. | स्थायी लेखा नम्बर स्थगन | नभएको । | विभागले देहायको कुनै अवस्थामा स्थायी लेखा नम्बर स्थगन गर्न सक्नेछः-<br>(क)कारोबार गर्न छाडेमा,<br>(ख) निकायको हकमा निकाय बन्द,बिक्री वा हस्तान्तरण भएमा वा अन्य कुनै किसिमबाट त्यस्तो निकायको अस्तित्व कायम नरहेमा,<br>(ग) व्यक्तिगत स्वामित्व भए त्यस्तो स्वामित्व भएको व्यक्तिको मृत्यु भएमा,<br>(घ) भुलवश दर्ता भएकोमा । | २०७७।४।१ |
| १६ | दफा ७९ को उपदफा (१) को खण्ड (ख) | सूचना तामेली | व्यक्तिगतरुपमा जसलाई बुझाउनु पर्ने हो उसैलाई बुझाएको वा निकायको हकमा निकायको प्रबन्धकलाई बुझाएको, | व्यक्तिगत रुपमा जसलाई बुझाउनु पर्ने हो उसैलाई वा निजको प्रतिनिधि वा कर्मचारीलाई बुझाएको तथा निकायको हकमा निकायको प्रबन्धक वा निजले तोकेको प्रतिनिधि वा कर्मचारीलाई बुझाएको, | ०७७।४।१ |
| १७ | दफा ८८ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (८) | अग्रिम कर कट्टी | ढुवानी सेवा बापतको भाडा भुक्तानी रकममा २.५ प्रतिशतका दरले, | ढुवानी सेवा बापतको तथा ढुवानी साधन भाडामा दिए बापतको भुक्तानी रकममा दुई दशमलव पाँच प्रतिशतका दरले ।<br>तर मूल्य अभिवृद्धि करमा दर्ता भई ढुवानी सेवा प्रदान गर्ने वा ढुवानी साधन भाडामा दिने व्यवसाय गर्ने व्यक्तिलाई भुक्तानी गर्ने रकममा एक दशमलव पाँच प्रतिशतले कर कट्टी गर्नु पर्नेछ । | २०७७।४।१ |
| १८ | ८८ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (९) | ब्याजमा अग्रिम कर कट्टी | नभएको । | बासिन्दा बैङ्क तथा वित्तीय संस्थाले नेपाल राष्ट्र बैङ्कले तोकेको क्षेत्रमा लगानी गर्ने गरी विदेशी बैङ्कबाट विदेशी मुद्रामा लिएको ऋण बापतको ब्याज भुक्तानी गर्दा दश प्रतिशतका दरले, | २०७७।४।१ |
| १९ | ८८ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (१०) | प्रोत्साहन रकममा कर कट्टी | नभएको । | उपभोक्ताले वस्तु तथा सेवा खरिद गर्दा प्रचलित कानून बमोजिम भुक्तानी कार्ड, इ(मनी (वालेट), मोवाइल बैंकिङ्ग जस्ता विद्युतीय भुक्तानीका उपकरणबाट भुक्तानी गरे बापत प्रदान गरिने प्रोत्साहन रकममा कर कट्टी गर्नुपर्ने छैन । | २०७७।४।१ |
| २० | दफा ८९ को उपदफा (३) को खण्ड (क) | अग्रिम कर कट्टी | (क)वायुयान मर्मत तथा अन्य ठेक्का वा करारमा पाँचप्रतिशत, | (क) ठेक्का वा करारमा पाँच प्रतिशत, | २०७७।४।१ |

| | | | | | |
|---|---|---|---|---|---|
| २१. | ९० (८) | शुल्क सम्बन्धी | नभएको । | अग्रिम कर कट्टी गर्नुपर्ने भुक्तानीमा कर कट्टी नगरेकोमा दफा १२० बमोजिमको शुल्क समेत दाखिला गर्न आदेश दिन सक्ने | २०७७।४।१ |
| २२. | ९५क. (६क) | अग्रिम कर कट्टी | नभएको । | विदेशमा अध्ययन गर्न जाने विद्यार्थीलाई भाषा परीक्षा तथा मानकीकृत परीक्षण शुल्क बापत विदेशी मुद्राको सटही सुविधा उपलब्ध गराउने बासिन्दा बैंङ्क वा वित्तीय संस्थाले त्यस्तो परीक्षा शुल्क बापतको रकममा विदेशी मुद्राको सटही सुविधा दिएको बखत पन्ध्र प्रतिशतका दरले अग्रिम कर असुल गर्नुपर्ने । | २०७७।४।१ |
| २३ | अनुसूची-१ को दफा १ को उपदफा (९) | निवृतिभरण आय | निवृतिभरण आयमा थप पच्चीस प्रतिशत रकम करयोग्य आयबाट घटाउन पाउने । | झिकिएको । | २०७७।४।१ |
| २४ | अनुसूची-१ को दफा २ को उपदफा (३) | सहकारी संस्थालाई लाग्ने कर | सहकारी ऐन,२०७४ बमोजिम दर्ता भएको सहकारी संस्थाले कर छुट हुने कारोबार बाहेकको कारोबार गरेमा बीस प्रतिशतका दरले कर लाग्ने ।<br>तर देहाय बमोजिमका वित्तीय कारोबार गर्ने सहकारी संस्थालाई देहाय बमोजिम छुट हुनेछः-<br>**(क)** नगरपालिका क्षेत्रभित्र सञ्चालन भएको मा लाग्ने करको दरमा पचहत्तर प्रतिशत,<br>**(ख)** उपमहानगरपालिका र महानगरपालिका क्षेत्रभित्र सञ्चालन भएकोमा लाग्ने करको दरमा पचास प्रतिशत । | सहकारी ऐन, २०७४ बमोजिम दर्ता भएको सहकारी संस्थाले कर छुट हुने कारोबार बाहेकको कारोबार गरेमा देहाय बमोजिमका दरले कर लाग्नेछः-<br>(क) नगरपालिका क्षेत्रभित्र सञ्चालन भएकोमा पाँच प्रतिशत,<br>(ख) उपमहानगरपालिका क्षेत्रभित्र सञ्चालन भएकोमा सात प्रतिशत,<br>(ग) महानगरपालिका क्षेत्रभित्र सञ्चालन भएकोमा दश प्रतिशत । | २०७७।४।१ |

## आयकर नियमावली, २०५९ मा भएको एघारौं संशोधन

| क्र.सं. | नियम | विषय | साविक व्यवस्था | संशोधित व्यवस्था | लागू हुने मिति |
|---|---|---|---|---|---|
| १ | २३ क. थप | स्थायी लेखा नम्बर स्थगनको प्रक्रिया | नभएको । | ◆ स्थायी लेखा नम्बर स्थगन गर्न चाहने व्यक्ति वा निकायले आफूले लिएको स्थायी लेखा नम्बर स्थगन गर्नुपर्ने अवस्था सिर्जना भएको मितिले तीस दिनभित्र कारण खुलाई विभाग समक्ष निवेदन दिनु पर्ने ।<br>◆ निवेदन दिँदा स्थगनको निवेदनसाथ सो अवधिसम्मको आय विवरण तथा कर दाखिला गरेको हुनु पर्ने ।<br>◆ प्राप्त निवेदन जाँचबुझ गर्दा व्यहोरा मनासिब देखिएमा विभागले निवेदन पेश गरेको मितिले तीस दिनभित्र स्थगन भएको वा स्थगन नहुने भए सो को जानकारी दिनु पर्ने । | २०७७।४।१ |
| २ | २३ ख. थप | प्रतिलिपि दिने | नभएको । | ◆ स्थायी लेखा नम्बरको प्रमाणपत्र लिएको कुनै व्यक्तिले स्थायी लेखा नम्बर प्रमाणपत्र हराएमा वा अन्य कुनै किसिमबाट नासिएमा त्यस्तो प्रमाणपत्रको प्रतिलिपि लिनको लागि विभागमा दरखास्त दिनु पर्ने ।<br>◆ दरखास्त प्राप्त भएको मितिले तीन दिनभित्र विभागले निवेदकलाई स्थायी लेखा नम्बर दर्ताको प्रमाणपत्रको प्रतिलिपिप्रदान गर्नु पर्ने । | २०७७।४।१ |

## आर्थिक ऐन, २०७७ ले अन्तःशुल्क ऐन, २०५८ मा गरेको संशोधन

| क्र.सं. | दफा | विषय | साविक व्यवस्था | संशोधित व्यवस्था | लागू हुने मिति |
|---|---|---|---|---|---|
| १ | दफा २ को खण्ड (क१) थप | अन्तःशुल्क टिकट | नभएको । | अन्तःशुल्क टिकट भन्नाले नेपालभित्र उत्पादन तथा पैठारी हुने अन्तःशुल्क जन्य वस्तुमा विभागले तोकेको ढाँचामा प्रयोग हुने सुरक्षण चिन्ह अंकित टिकट सम्झनु पर्छ र सो शब्दले विद्युतीय माध्यमबाट प्रदान गरिने सुरक्षण अंकित चिन्ह वा विभागले तोकेको अन्य कुनै संकेत चिन्हलाई समेत जनाउँछ । | २०७७।२।१५ |
| २ | ४ ङ | उपहार तथा नगद छुट सम्बन्धी व्यवस्था | मदिरा, वियर वा सूर्तिजन्य पदार्थ सम्बन्धी उद्योग र त्यस्तो वस्तुको पैठारीकर्ता तथा तिनका बिक्रेताले कुनै पनि प्रकारको उपहार कार्यक्रम सञ्चालन गर्न वा त्यस्ता उद्योगले मूल्य अभिवृद्धि करमा दर्ता भएका बाहेक अन्य विक्रेतालाई त्यस्तो उत्पादन विक्री गर्दा छुट दिन पाइने छैन । त्यस्तो कार्य गरेको पाइएमा इजाजतपत्रको सर्त उल्लङ्घन गरेको मानिनेछ । | मदिरा, वियर वा सूर्तिजन्य पदार्थ सम्बन्धी उद्योग र त्यस्तो वस्तुको पैठारीकर्ता तथा तिनका बिक्रेताले कुनै पनि प्रकारको उपहार कार्यक्रम सञ्चालन गर्न वा त्यस्तो उद्योगले त्यस्तो उत्पादन विक्री गर्दा छुट दिन पाइने छैन । त्यस्तो कार्य गरेको पाइएमा इजाजतपत्रको सर्त उल्लङ्घन गरेको मानिनेछ । | २०७७।२।१५ |
| ३ | दफा ९ को उपदफा (५) को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (ग) | इजाजत्रपत्र सम्बन्धी व्यवस्था | स्वयं निष्कासन प्रणाली लागू हुने उद्योग अन्तर्गत अन्तःशुल्क लाग्ने वस्तुको उत्पादन वा अन्तःशुल्क लाग्ने सेवा प्रदान गर्न लिइएको इजाजतपत्र नवीकरण गर्नुपर्ने छैन । | स्वयं निष्कासन प्रणाली लागू हुने सूर्तिजन्य वस्तु बाहेकका अन्यवस्तुको लागि दिइएको इजाजतपत्र नवीकरण गर्नुपर्ने छैन । | २०७७।२।१५ |
| ४ | १६ (१) (घ) | दण्ड | अन्तःशुल्क नियमावली, २०५९ को नियम १६ को उल्लङ्घन गरेमा । | यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली वा विभागले तोकेको शर्त विपरित हुने गरी मदिराको उत्पादन, बोतलबन्दी तथा बिक्री वितरण गरेमा । | २०७७।२।१५ |
| ५ | १६ (४) (थ) | जरिवाना | भन्सार उपशीर्षक २२०७.१०.२० को रेक्टिफाइड स्प्रिट बाहेक अन्य स्प्रिट प्रयोग गरेर ७० यू.पी. शक्तिको मदिरा उत्पादन गरेको पाइएमा त्यस्तो मदिरा जफत गरी बिगो बमोजिम रकम वा एक लाख रुपैयाँमध्ये जुन बढी हुन्छ सो रकम जरिवाना हुने व्यवस्था रहेको । | झिकिएको । | २०७७।२।१५ |
| ६ | १६(४) (ध१) | दण्ड | नभएको । | यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम दिइएको स्वीकृति विपरित स्प्रिट तथा इथानोल प्रयोग गरेको पाइएमा त्यसरी प्रयोग भएको स्प्रिटबाट उत्पादन हुनसक्ने मदिराको उच्चतम् दरबन्दी अनुसार लाग्ने अन्तःशुल्क बराबरको रकम । | २०७७।२।१५ |
| ७ | अनुसूची | दस्तुर छुट | औद्योगिक नीति, २०६७ को अनुसूची-९ | औद्योगिक व्यवसाय ऐन, २०७६ को अनुसूची-१० | २०७७।२।१५ |

# अन्तःशुल्क नियमावली, २०५९ मा भएको एक्काइसौं संशोधन

| क्र.सं. | नियम | विषय | साविक व्यवस्था | संशोधित व्यवस्था | लागू हुने मिति |
|---|---|---|---|---|---|
| १ | १३ ग. | अन्तःशुल्क विवरण | अनुसूची-४ङ. | सूर्तिजन्य पदार्थ बाहेक स्वयं निष्काशन प्रणाली अन्तर्गतका प्रतिष्ठानले अनुसूची-४ङ.बमोजिमको ढाँचा र सूर्तिजन्य पदार्थ र भौतिक नियन्त्रण प्रणाली अन्तर्गतका प्रतिष्ठानले अनुसूची-४च. बमोजिमको ढाँचा तोकिएको । | २०७७।२।१५ |
| २ | २३ क. | वियर मौज्दात कमीको मिन्हा | फ्लोमिटरले देखाएको परिमाण भन्दा बोतल बन्दी भए पछिको बोतल काउण्टरले देखाएको परिमाणको मौज्दात कमी भएमा बढीमा १.५ प्रतिशत सम्म मौज्दात कमीको मिन्हा दिन सक्ने । | झिकिएको । | २०७७।२।१५ |
| ३ | नियम २३ ख. थप | पुरानो तयारी मदिराको पुनःप्रशोधन गर्न स्वीकृति लिनु पर्ने | नभएको । | बिक्री वितरण गरी फिर्ता आएको वा बिक्री नभई गोदाममा रहेका पुरानो तयारी मदिरालाईपुनःप्रशोधन गरी मदिरा उत्पादन गर्न चाहने इजाजतपत्र वालाले विभागको पूर्वस्वी कृति लिई मदिराको पुनः प्रशोधन गर्न सक्ने । | २०७७।२।१५ |
| ४ | नियम ३० को उपनियम (२) | वियर बोतल बन्दी | प्रत्येक बोतलको बिर्कोमा पर्ने गरी अन्तःशुल्क टिकट टाँसी कार्टुनमा राखी गोदाममा भण्डारण गर्नुपर्ने । | प्रत्येक बोतलको बिर्कोमा पर्ने गरी वा कार्टुनमा अन्तःशुल्क टिकट टाँसी गोदाममा भण्डारण गर्नुपर्ने । | २०७७।२।१५ |
| ५ | नियम ३५ | अनुसूचीमा हेरफेर | नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आवश्यकता अनुसार अनुसूचीमा आवश्यक हेरफेर तथा संशोधन गर्न सक्ने । | अर्थ मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूची (२ बाहेकका अनुसूचीहरुमा आवश्यक हेरफेर तथा संशोधन गर्न सक्ने । | २०७७।२।१५ |
| ६ | अनुसूची-२ को सि.नं. ४. पछि सि.नं. ५. थप | दस्तुर छुट | नभएको । | औद्योगिक व्यवसाय ऐन, २०७६ को अनुसूची-१० मा उल्लेख भएका अति अविकसित क्षेत्रका फलफूलमा आधारित वाइन एवं मदिरा उद्योगको हकमा पचहत्तर प्रतिशतले कम दस्तुर लाग्ने । | २०७७।२।१५ |
| ७. | अनुसूची-४ख. | अन्तिम अन्तःशुल्क निर्धारण आदेश | आदेश जारी भएको मितिले सात दिनभित्र नेपाल सरकारको सर्वसञ्चित कोषमा दाखिला । | आदेश प्राप्त भएको मितिले सात दिनभित्र नेपाल सरकारको सर्वसञ्चित कोषमा दाखिला । | २०७७।२।१५ |

प.सं.:२०७६/७७
च.नं.:

मिति:-२०७७/३/४

विषय: गैर व्यावसायिक करयोग्य सम्पत्ति (शेयर) निसर्गको कर सम्बन्धमा ।

श्री नेपाल धितोपत्र बोर्ड,
जावलाखेल, ललितपुर ।

प्रस्तुत विषयमा श्री अर्थ मन्त्रालय, राजस्व व्यवस्थापन महाशाखाको च.नं.९६२ मिति २०७७/३/३ को पत्रबाट आयकर ऐन, २०५८ बमोजिम गैर व्यावसायिक करयोग्य सम्पत्ति (शेयर) को निसर्गमा लाग्ने कर सम्बन्धमा भएको व्यवस्था तहाँ बोर्डलाई जानकारी गराइदिने भनी लेखी आएकोले सो सम्बन्धमा भएको व्यवस्था देहाय बमोजिम रहेको व्यहोरा मिति २०७७/३/४ को निर्णयानुसार अनुरोध गर्दछु ।

१. आयकर ऐन, २०५८ को दफा ९७ को उपदफा (१) को खण्ड (ङ) बमोजिम आय विवरण पेश गर्न नचाहने दफा २(द) बमोजिमको गैर व्यावसायिक करयोग्य सम्पत्ति नि:सर्गको आयमात्र भएको प्राकृतिक व्यक्तिले दफा ९६ बमोजिम आय विवरण पेश गर्नुपर्ने छैन भन्ने व्यवस्था भएकोले उक्त व्यवस्था अनुसार नेपाल स्टक एक्सचेन्ज लिमिटेडले प्राकृतिक व्यक्तिको नाममा रहेको शेयर बिक्रीमा भएको लाभमा दफा ९५क. को उपदफा (२) को खण्ड (क) बमोजिम बासिन्दा प्राकृतिक व्यक्तिको हकमा लाभ रकमको पाँच प्रतिशतका दरले अग्रिम कर कट्टी गरेको अवस्थामा सो व्यक्तिको त्यस्तो आयमात्र भएमा निजले आय विवरण पेश गर्न नचाहेमा आय विवरण दाखिला गर्न नपर्ने ।

२. गैर व्यावसायिक करयोग्य सम्पत्ति नि:सर्गको आयमात्र भएको प्राकृतिक व्यक्तिले आय विवरण पेश गर्न चाहेमा आय विवरण पेश गर्न सक्ने व्यवस्था रहेको र यसरी आय विवरण पेश गर्दा आयकर ऐन, २०५८ को दफा ९५क. बमोजिम दाखिला गरिएको अग्रिम कर त्यस्तो व्यक्तिले तिर्नुपर्ने बार्षिक कर दायित्वमा मिलान गर्न पाउने ।यसरी आय विवरण पेश गर्दा आयकर ऐन, २०५८ को अनुसूची-१ को दफा ४ को खण्ड (ख) को उपखण्ड (३) बमोजिम नेपाल धितोपत्र बोर्डमा सूचीकरण भएको निकायमा रहेको हितको नि:सर्गबाट प्राप्त लाभको हकमा पाँच प्रतिशतको दरले कर लाग्ने गरी करको दर तोकिएको ।

३. धितोपत्र कारोबार सञ्चालन गर्ने निकाय नेपाल स्टक एक्सचेन्ज लिमिटेडले अग्रिम कर असुल गरी दाखिला गरेको हकमा त्यस्तो अग्रिम कर असुली गरिएका व्यक्तिहरुले अग्रिम कर दाखिलाको निस्सा लिन चाहेमा नेपाल स्टक एक्सचेन्ज लिमिटेड दर्ता रहेको मध्यमस्तरीय करदाता कार्यालय, बबरमहलबाट लिन सक्ने साथै गैर व्यावसायिक करयोग्य सम्पत्ति नि:सर्गको आयमात्र भएका व्यक्तिले आय विवरण पेश गर्न चाहेमा आय विवरण पेश गरी सम्बन्धित आन्तरिक राजस्व कार्यालयबाट कर चुक्ता प्रमाणपत्र लिन सक्ने ।

प.सं.:२०७६/७७
च.नं.:

मितिः-२०७७/३/५

विषयः गैर व्यावसायिक करयोग्य सम्पत्ति (शेयर) निसर्गको कर सम्बन्धमा ।

श्री नेपाल धितोपत्र बोर्ड,
जावलाखेल, ललितपुर ।

प्रस्तुत विषयमा यस विभागको च.नं.१९३ मिति २०७७/३/४ को पत्रबाट आयकर ऐन, २०५८ बमोजिम गैर व्यावसायिक करयोग्य सम्पत्ति (शेयर) को निसर्गमा लाग्ने कर सम्बन्धमा जानकारी गराइएको बुँदा नं. ३ को विषयवस्तुलाई देहाय बमोजिम थप स्पष्ट गरिएको व्यहोरा मिति २०७७/३/५ को निर्णयानुसार अनुरोध गर्दछु ।

"धितोपत्रको कारोबारमा हुने पुँजीगत लाभको अग्रिम कर असुलीको विवरण तथा कर विद्युतीय प्रणाली **(E-TDS)** मार्फत दाखिला भएको अवस्थामा सम्बन्धित लाभग्राही प्राकृतिक व्यक्ति **(Individual)** ले आफूलाई पायक पर्ने आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयबाट कर चुक्ता प्रमाणपत्र लिन सक्ने ।"

प्रकाशक
आन्तरिक राजस्व विभाग
लाजिम्पाट, काठमाडौं
फोन नं.: ०१-४४१५८०२, ४४१५८०३, ४४१९७१९
Email: taxbulletin@ird.gov.np
website: www.ird.gov.np

संरक्षक
बिनोद बहादुर कुँवर

सल्लाहकार
थानेश्वर गौतम
शिवादेवी दाहाल
मुक्ति प्रसाद पाण्डे
रमेश शर्मा पौडेल

सम्पादन समूह
सम्झना बराल ढकाल
केशर बहादुर पण्डित
काशिनाथ भट्टराई
हरि प्रसाद भण्डारी
टिका उपाध्याय



कर सम्बन्धी जानकारी टोल फ्रि नम्बर १६६००१४०००० बाट प्राप्त गरौं ।